बैठकसंख्या १३

आज मिति २०७४ साल पौष ३ गते आइतबार अर्जुनधारा नगरपालिका का श्रीमान नगरप्रमुख हरिकुमार राना ज्यूको अध्यक्षतामा नगर कार्यपालिका को बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

(१) नगरप्रमुख श्री हरिकुमार राना, अध्यक्ष

(२) नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य

(३) वडाध्यक्ष, श्री गजाधर खतिवडा, सदस्य

(४) वडाध्यक्ष, श्री रघुनाथ खनाल, सदस्य

(५) वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, सदस्य

(६) वडाध्यक्ष, श्री दुर्गाप्रसाद दाहाल, सदस्य

(७) वडाध्यक्ष, श्री ध्यानबहादुर भारती, सदस्य

(८) वडाध्यक्ष, श्री लोकनाथ गौतम, सदस्य

(९) वडाध्यक्ष, श्री नवराम दुङ्गाना, सदस्य

(१०) वडाध्यक्ष, श्री गोपीचन्द्र गौतम, सदस्य

(११) वडाध्यक्ष, श्री पुष्पकुमार प्रसाई, सदस्य

(१२) वडाध्यक्ष, श्री बलदेवसिंह गोम्देन तामाङ, सदस्य

(१३) वडाध्यक्ष, श्री भैरवबहादुर खड्का, सदस्य

(१४) न.स.स. श्री शारदाकुमारी भट्टराई, सदस्य

(१५) न.स.स. श्री दिलमाया शिवा, सदस्य

(१६) न.स.स. श्री हरिमाया भण्डारी, सदस्य

(१७) न.स.स. श्री शकुन्तला बराल, सदस्य

(१८) न.स.स. श्री लक्ष्मी तामाङ, सदस्य

(१९) न.स.स. श्री रमेशकुमार दर्जी, सदस्य

(२०) न.स.स. श्री २ खिनमान दर्जी, सदस्य

(२१) न.स.स. श्री दिलिप गुरुङ, सदस्य

(२२) प्रमुख प्रशासकीय अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य सचिव

(२३) नायब सुब्बा, श्री तिलेन्द्र अधिकारी, आमन्त्रित

(२४) खरिदार, श्री सौजन कट्वाल, आमन्त्रित

निर्णय नं. १.

यस नगरपालिकाबाट सञ्चालन हुने योजना, कार्यक्रम तथा सेवाप्रवाह लाई पारदर्शी, प्रभावकारी तथा सहभागितामूलक बनाउन यस नगरपालिकाका सबै वडामा सम्बन्धित वडाका जनप्रतिनिधिको संयोजकत्वमा देहाय बमोजिम का समितिहरु गठन गर्ने निर्णय गरियो :-

क्रमशः

क्रमश:

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
(ख) पूर्वाधार विकास समिति
(ग) विपद व्यवस्थापन समिति
(घ) सामाजिक विकास समिति

निर्णय नं २

यस नगरपालिकाबाट सञ्चालन हुने नगरस्तरीय तथा वडास्तरीय योजनाहरु सञ्चालन गर्ने व उपभोक्ता समिति गठन गर्दा वडाध्यक्ष सहित बहुमत वडा समिति सदस्यहरुको रोहवरमा आम उपभोक्ता भेला गरी गठन गर्ने निर्णय ~~साथै~~ गरियो। साथै, तत्पश्चात मात्र वडाध्यक्षले योजना सम्झौताका लागि सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं. ३.

यस नगरपालिकाबाट सञ्चालन हुने ~~रु. ५ लाख भन्दा माथिका~~ योजनाहरु को अनुगमन गर्न देहाय बमोजिम एक नगर स्तरीय योजना अनुगमन समिति गठन गर्ने र उक्त समितिको सिफारिश पश्चात मात्र योजनाको फरफारक तथा भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

तपशिल :

संयोजक - नगर प्रमुख
सदस्य - नगर उप प्रमुख
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - पूर्वाधार विकास समिति संयोजक
सदस्य - योजना सञ्चालन भएको वडाका वडाध्यक्ष
सदस्य सचिव - योजना शाखा प्रमुख.

साथै, रु ५ लाख भन्दा कम लागतका योजनाको अनुगमन गर्न सम्बन्धित वडा अध्यक्षले अनुगमन समिति गठन गरी, योजना फरफारक तथा भुक्तानीका लागि पठाउँदा सो अनुगमन समितिको सिफारिश समेत अनिवार्य संलग्न गरी पठाउने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं ४

यस नगरपालिकामा दैवी-प्रकोपबाट धनजनको क्षति भएका परिवार लाई नगरपालिकाको तर्फबाट देहाय बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो :-

(क) क्षतिपिडितलाई क्षतिको अवस्था हेरी रु १० हजार सम्म।
(ख) अन्य दैवी प्रकोपबाट क्षति भएकालाई क्षतिको अवस्था हेरी रु. २० हजार सम्म।
(ग) दैवी प्रकोपबाट मानवीय क्षति भएमा पिडीत परिवारलाई रु. ५० हजार मात्र।

निर्णय नं. ५.

यस नगरपालिकाको ~~खुलेबारी क्षेत्रको~~ फोहोरमैला व्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुगमन गरी व्यवस्थापन गर्न देहाय बमोजिम को एक समिति गठन गर्ने निर्णय गरियो।

वडा नं. १, वडाध्यक्ष श्री गजाधर खतिवडा, वडा नं. ५ वडाध्यक्ष श्री ध्यान ब. भारती
वडा नं. २, वडाध्यक्ष श्री रघुनाथ खनाल, वडा नं. ८, वडाध्यक्ष, श्री गोपीचन्द्र गौतम
वडा नं. ३, वडाध्यक्ष, श्री जीवकुमार भण्डारी, वडा नं. ११, वडाध्यक्ष, श्री भैरब ब. खड्का.
अर्जुनधारा नगरपालिका खरिदार, श्री रवीन्द्र लिङ्देन

निर्णय नं. ६.

चालु आ. व. ०७४/०७५ का लागि यस नगरपालिका अन्तर्गत नगरस्तरीय तथा ~~योज~~ वडास्तरीय योजना तथा कार्यक्रममा परेका ह्युमपाइप तथा विद्युत पोलहरु आवश्यकता अनुसार विभिन्न मितिमा खरिद गर्नुपर्ने भएकाले माग भए अनुसार जिल्ला दररेटमा नबढ्नेगरी खरिद गरी आपूर्ती गर्ने निर्णय गरियो।

निर्णय नं. ७.

अर्जुनधारा - ४ स्थित सूर्योदय तेक्वान्दो डोजाङ्ले जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेकोमा अ रु. ५० हजार मात्र सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८.

कनकाई नगरपालिकाको आयोजनामा सञ्चालन हुने अन्तर नगरस्तरीय कर्मचारी फुटबल प्रतियोगितामा सहभागी हुन एवं पूर्व तयारीका लागि अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुलाई रु. ५५ हजार (पचपन्न हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९.

यस नगरपालिकासँग लागत साझेदारीमा सञ्चालन गर्न विभिन्न योजना एवं कार्यक्रमहरुको प्रस्तावहरु पर्न आएकामा यस नगरपालिकाको सम्पूरक कोषबाट लागत साझेदारीका योजनाहरुको निरीक्षण, मूल्याङ्कन एवं छनौट नगरस्तरीय योजना अनुगमन समितिले गर्ने निर्णय गरियो।

निर्णय नं. १०.

जिल्ला प्राविधिक कार्यालय, झापाको च.नं. १३० मिति ०७४।०८।०५ को पत्रबाट हाल अर्जुनधारा-२ स्थित राते गाजाबारी सस्पेन्सन ब्रिज योजना सञ्चालनका लागि यस नगरपालिकाबाट ६% रकम (साविक जिविसबाट व्यहोर्नु पर्ने ३%, साविक गा वि स बाट व्यहोर्नु पर्ने ३%) रु. ४,४९,३१३.४० (चार लाख उन्चास हजार तिन सय तेह्र रुपैयाँ चालिस पैसा) व्यवस्थाका लागि लेखि आएकामा यस नगरपालिकाको सम्पूरक कोषबाट सो रकम व्यवस्था गर्ने निर्णय गरियो।